
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ २२ गते बुधवार ❑ 7 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## प्रधानमन्त्रीसँग भारतीय सेनाध्यक्षको भेट

रासस
काठमाडौं, २१ भदौं

रक्षामन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्री शेर बहादुर देउवासँग भारतीयस्थल सेनाध्यक्ष जनरल मनोज पाण्डेले शिष्टाचार भेट गर्नुभएको छ।



प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा आइतबार नेपालको औपचारिक भ्रमणमा रहनुभएका सेनाध्यक्ष जनरल मनोज पाण्डेले मंगलबार प्रधानमन्त्री देउवासँग प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द परियारले जानकारी दिनुभयो।

यसअघि उहाँले आज शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजको भ्रमण गर्नु भई उक्त कलेजको वस्तुस्थितिलगायत विविध पक्षबारे जानकारी हासिल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जनताको साथमा काँग्रेस अभियानमा कास्की कांग्रेस

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौं



नेपाली काँग्रेसले शुरु गरेको प्रथम चरणको कार्यक्रम अर्न्तगत जनताको साथमा काँग्रेस अभियानलाई कास्की काँग्रेसले वडा इकाई केन्द्रित गरेको छ।

कास्कीका ७२ वडा इकाईहरुमा केन्द्रित गरी एकै साथ अभियान शुरु गरिएको छ । वडा इकाईहरुमा मंगलवार छुट्टाछुट्टै कार्यक्रम गरी वडास्तरमा अभियान शुभारम्भ गरिएको हो । कार्यक्रमहरुमा जिल्ला, क्षेत्र, प्रदेश सभा, महानगर पालिका र गाउँ पालिकाका प्रतिनिधीहरु पुगेर अभियानको उद्देश्य वारे जानकारी दिएको जिल्ला सभापति किशोर दत्त वरालले वताउनु भयो । अभियान प्रभावकारी ढंगले अगाडी वढ्दैछ सभापति वरालले भन्नुभयो, यो अभियान जनताको आवश्यकता, भावना र चाहना अनुसार बनाउँनेछौ।

अभियान अर्न्तगत लोकतान्त्रिक अधिकार प्रयोग गर्न मतदातालाई अपील गर्ने, जनताको चाहना सुन्ने, भावना वुझ्ने, काँग्रेस नेतृत्वमा भएका राजनैतिक र आर्थिक उपलब्धि र काँग्रेसले लिएका अडान वारे प्रचार प्रसार गर्ने, गठवन्धनको आवश्यकता वारे मतदातालाई सुसूचित वनाईने छ।

अभियानमा भाद्र २२ गते, प्रत्येक वडाहरुमा मतदाता सम्वाद, भाद्र २३ गते गठवन्धनका दलहरु विच चियापान तथा छलफल र भाद्र २४ गते, वी.पी.जयन्तीको अवसरमा कास्कीका ६ वटै प्रदेश सभामा एकैसाथ "प्रजातान्त्रिक समाजवाद र यसको सान्दर्भिकता" विषयक प्रवचन कार्यक्रम तय गरिएको नेपाली काँग्रेस, कास्कीका सहसचिव नविन सिग्देलले जानकारी दिनुभयो । भाद्र २४ गते नै अभियान को पहिलो चरणको कार्यक्रम समापन हुनेछ । प्रतिनिधी सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि समानुपातिक तर्फको उम्मेदवारी मनोनयन दर्ता पछि अभियानको दोस्रो चरण र प्रत्यक्ष तर्फको उम्मेदवारी मनोनयन पछि तेस्रो चरणको कार्यक्रमहरु शुरु हुनेछन् ।

## नायक पल शाहलाई बाल यौन दुरुपयोगमा साढे दुई वर्ष कैद फैसला

पोखरापत्र संवाददाता
दमौली, २१ भदौं

जबर्जस्ती करणी अभियोगमा तनहुँ कारागारको थुनामा रहेका नायक पल शाहलाई नवलपुर अदालतले साढे दुई वर्ष कैद फैसला सुनाएको छ।

नवलपुर जिल्ला अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको आजको इजलासले नायक शाहलाई बाल यौन दुरुपयोगमा दुई वर्ष छ महिना कैद फैसला सुनाएको हो। साथै रु २५ हजार जरिवानाको फैसलासमेत भएको नवलपुर अदालतका स्रेस्तेदार महेन्द्रराज पौडेलले जानकारी दिनुभयो



। जबर्जस्ती करणी मुद्दामा अभियोगपत्र दर्ता भए पनि न्यायाधीशले बाल यौन दुरुपयोगको कसुरमा शाहलाई कैदको फैसला सुनाएको अदाललते जनाएको छ । यसअघि भदौ १५ गते पेशी तोकिएमा स्थगित भई मंगलबार सुनुवाइ भएको हो । शाहविरुद्ध नवलपुर अदालतमा गत चैत ३ गते जबर्जस्ती करणी मुद्दा दर्ता भएको थियो। नायक शाह तनहुँ कारागारको थुनामा छन् । उनीविरुद्ध तनहुँ अदालतमा सुनुवाइ हुन बाँकी छ।

भदौ १५ गते पेशी तोकिएकामा उक्त दिन न्यायाधीश बिदामा बसे पछि पेशी स्थगित भएको थियो । नाबालिकामाथि जबर्जस्ती करणी गरेको भन्दै शाहविरुद्ध गत फागुन ११ गते तनहुँ प्रहरीमा उजुरी परेको थियो । शाहले फागुन १५ गते प्रहरी कार्यालयमा आत्मसमर्पण गरेका थिए । शाहलाई चैत १० गते तनहुँ अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। अभिनेता शाहले आफू निर्दोष रहेको भनी रिहा गर्न माग गर्दै उच्च अदालत पोखरामा निवेदन दिए पनि अदालतले उक्त निवेदन अस्वीकृत गरिदिएको थियो।

## शान्ति प्रकृया नटुंगिय देशमा द्धन्द निम्तिन सक्छ: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौं

गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले शान्ति प्रकृया नटुंगिय देशमा द्धन्द निम्तिन सक्ने बताउनु भएको छ।

निजामती सेवा दिवसको अवसरमा नेपाला राष्ट्रिय कर्मचारी संगठन निजामती जिल्ला समिति कास्कीले मंगलबार पोखराको शहिद स्मृति आवासिय माविमा शैक्षिक तथा खेलकुद सामाग्री हस्तान्तरण गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । शान्ति प्रकृया नटुङगिदासम्म भोलि के हुने हो आंकलन गर्न नसकिने अबस्था भएको उहाँको भनाई थियो । राजनीतिक सहमतिबाटै शान्ति प्रकृयालाई टुंगोमा पुर्‍याउनु अब ढिलो गर्न नहुने पर्ने मन्त्री बरालले बताउनु भयो । सत्य निरुपण तथा मेलमिलाप आयोग, वेपत्ता आयोगको भूमिका निर्वाह नभएसम्म मुलुकमा शान्ति प्रकृयाको टुंगो नलाग्ने उहाँको भनाई थियो। शान्ति प्रकृयालाई नटुंगाई भाड्दिने एउटा शक्तिले प्रयत्न गरेकाले प्राप्त राजनीतिक अधिकारलाई खारेजीको दिशा तर्फ लैजान एउटा प्रबृत्ति अझै पनि सलवलाई राखेको मन्त्री बरालले दाबी गर्नुभयो।

विद्यार्थीहरुलाई लक्षित गदै मन्त्री बरालले अभिभावकहरुले मुलुकमा परिवर्तनको लागि जसरी रगत बगाय तर आज उहाँहरु चम्किलो ताराको रुपमा अम्मर भएको दाबी गर्नु भयो। अभिभावकहरुको न्यानो माया गुमाए पनि यो मुलुकको परिवर्तनको निम्ति विभिन्न प्रकारका विभेदको अन्त्य गर्न जनयुद्ध र जनआन्दोलनका शहिदहरुले चालेको कदमलाई भावी पुस्ताले अनुसरण गर्नुपर्ने बताउनु भयो । पछिल्लो समयमा राज्यबाट उक्त बिद्यालयमा राम्रो बजेट परेकोले उक्त बजेटको समयमै कार्यान्वयन गर्न उहाँले सुझाव दिनुभयो । गण्डकी प्रदेशका प्रमुख सचिब रविलाल पन्थले २०६२ साल देखि निजामती सेवा दिवस मनाउन सुरु गरिएको उल्लेख गर्दै यस बर्ष भदौं २२ गते पोखरामा रक्तदान सहितको बिषेश कार्यक्रम हुने बताउनु भयो । कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले शहिद स्मृतिका बिद्यार्थीहरुलाई आफुहरु जस्तै कर्मचारी बन्ने गरी अध्ययन गर्न आग्रह गर्नु भयो । संगठनका गण्डकी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद पौडेलले प्रदेश निजामती सेवा ऐन तत्काल जारी गर्न सरकारसंग माग गर्नु भयो।

संगठन कास्कीका अध्यक्ष अर्जुनदेव ज्ञावालीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पूर्व सांसद एवं बिद्यालय व्यबस्थापन समितिका सदस्य तेज कुमारी पौडेल, संगठनका उपाध्यक्ष पदम अधिकारी, बिद्यालयका शिक्षक मधु न्यौपाने, सचिब श्याँमलाल लामिछाने लगायतले बोल्नु भएको थियो।

## सरोज गोपाल स्मृति साङ्गीतिक साँझ हुने

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौं

पोखरामा आगामी असोज १ गते सरोज गोपाल स्मृति साँझ हुने भएको छ।

कालजयी गीतहरूका सङ्कलक तथा गायक सरोज गोपाल बज्राचार्यको आठौं स्मृति दिवसको अवसर पोखरेली युवा सांस्कृतिक परिवारको आयोजनामा साङ्गीतिक साँझ गर्न लागिएको हो । आफ्नो जीवनकालमा स्व सरोज गोपालले देउराली उकाली चढेर... नक्कलीलाई भगाई लग्यो झिल्केले... दाइको घर कहाँ हो कहाँ...करोडौं मुटुहरूको ढुकढुकी...जस्ता दर्जनौं चर्चित लोक तथा राष्ट्रिय गीतका माध्यमबाट नेपाली गीत सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएको थियो।

पोखरेली युवा सांस्कृतिक परिवारका संस्थापक अध्यक्षसमेत रहेका बज्राचार्यको सम्झनामा सरोज गोपाल स्मृति साङ्गीतिक साँझको आयोजन गर्न लागिएको परिवारका अध्यक्ष मोती भुजेलले जानकारी दिनुभयो । सङ्गीतकार सुनिल थापाको सङ्गीत संयोजन रहने उक्त साङ्गीतिक साँझमा गायक गायिका कर्ण दास, तारा थापा, बाबा राणा, रामभक्त जोजीजु, विनोद बानियाँ, इतु जोजीजु, विनित जोजीजु, फिरोज गोपाल बज्राचार्यलगायत स्वरमा सरोज गोपालका गीत सुन्न सकिने जनाइएको छ।



# राष्ट्रिय स्नुकर प्रतियोगिताको उपाधि काठमाडौंका लामालाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौं**



पोखरामा सम्पन्न भएको प्रथम राष्ट्रिय खुल्ला स्नुकर प्रतियोगिता-२०७९ को उपाधि काठमाण्डौंका राजन लामाले जितेका छन्। मंगलबार भएको फाइनल खेलमा लामाले आफ्ना निकतम प्रतिद्धन्दी काठमाण्डौंकै मिलन तामाङलाई वेष्टअफ थट्टीनमा ७-३ को स्कोरले पराजित गर्दै उपाधि जितेका हुन्।

प्रतियोगिताको बिजेतालाई १ लाख ५१ हजार १ सय ११ रुपैयाको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिएको थियो। त्यसै गरी उपविजेतालाई भने ७१ हजार १ सय ११ रुपैयाको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिएको थियो।

प्रतियोगितामा सेमिफाईनबाट यात्रा टुगाएका काठमाण्डौंका अजय सुनार र पोखराका दीपेश क्षेत्रीलाई आयोजकले प्रोत्साहन स्वरुप जनही १५ हजार १ सय ११ नगदका साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिएको थियो। सेमिफाइनलमा राजनले दीपेस र अर्को खेलमा भने मिलनले अजयलाई पराजित गरेका थिए।

त्यस्तै प्रतियोगिताको हाई हाईयस्ट ब्रेकरमा काठमाण्डौंका आले वाङचुक घोषित भए। उनलाई उपाधिको साथमा क्यू, क्यू वक्स, ट्रफी, मेडल र प्रमाण पत्र वितरण भएको थियो। प्रतियोगितामा पोखराका दीपेस क्षेत्री नवप्रतिभा खेलाडीको रुपमा घोषित भए। विजयी खेलाडीहरुको टोलीलाई पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानी, पोखरा ५ का वडा अध्यक्ष बिष्णुप्रसाद बराल, बुद्धमार्ग टोल सुधार समितिका अध्यक्ष एव पृथ्वी राजमार्ग बस संचालक कम्पनीका पुर्व अध्यक्ष ऐन कुमार शाही, नेपाल विलियर्ड स्नोकर संघका केन्द्रिय कोषाध्यक्ष गंगाम श्रेष्ठ लगायतले वितरण गर्नु भएको थियो।

प्रतियोगितामा काठमाण्डौं, भक्तपुर, ललितपुर, वुटवल, चितवन लगायतको क्षेत्रबाट १ सय ६ जना खेलाडीहरु सहभागि भएका थिए। देविज स्नुकर क्लबको आयोजनामा यही भदौं १२ देखि २१ गतेसम्म पोखरामा पहिलो पटक संचालन भएको प्रतियोगिताका संयोजक शंकर गुरुङले बताए।

राष्ट्रिय प्रशिक्षक संजयकुमार मुल्मीले यस्ता प्रतियोगिताले खेलाडी उत्पादनमा मद्धत पुग्ने विश्वास व्यक्त गर्नु भयो। आगामी करिब २ महिना पछि बंगलादेशमा हुने साफ च्याम्पियनसिपमा विजेता खेलाडीको साथमा नेपालका एक नम्बरमा पर्न सफल खेलाडी रेगन श्रेष्ठ सहभागि हुने भएको संघले जनाएको छ।

# चौथो वार्षिकोत्सवसंगै फोटोग्राफी अवार्ड वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौं**




फोटोग्राफर संघ गण्डकीले आफ्नो चौथो वार्षिकोत्सव को अवसर पारेर अनलाइन फोटो प्रतियोगिता तथा मिराज राष्ट्रिय विवाह फोटो प्रतियोगिताका विजेतालाई सोमबार अवार्ड वितरण गरेको छ।

यही भाद्र ३ गते १८३ औं विश्व फोटोग्राफी दिवसको अवसर पारेर आयोजना गरिएको प्रकृति तथा ल्यान्डस्केप अनलाईन फोटो प्रतियोगिता भाद्र १५ गतेसम्म चलेको थियो। उक्त प्रतियोगितामा पर्वतका समीर रेग्मी विजेता बनेका छन्। प्रकृति तथा ल्यान्डस्केप विधामा उनको तस्बिर उत्कृष्ट घोषित भएको थियो। उनले उत्कृष्ट तस्बिरका लागि ५ हजार एक रुपैयाँ प्रमाणपत्र र ट्रफी पुरस्कार पाए। सोही विधामा रञ्जित गुरुङ, नारायणहरि अधिकारी, कुलराज चौधरी, बब शाही र सन्देश उदासका तस्बिर उत्कृष्ट ५ भित्र पर्न सफल भएको संस्थाका सचिव तुलसीराम सुवेदीले जानकारी दिए।

यसैगरी, विवाह फोटो प्रतियोगितामा उदय थुलुङलाई उत्कृष्ट तस्बिरको अवार्ड प्रदान गरियो। उनले ११ हजार १ सय ११ रुपैयाँ पुरस्कार प्रमाणपत्र र ट्रफी पाए। उक्त विधामा अमीत रञ्जित, सञ्जय गौतम, सन्देश उदास, दीपेन्द्र बुढाथोकी र निरोज भण्डारी उत्कृष्ट ५ भित्र पर्न सफल भए। यो पुरस्कार सञ्चालनका लागि संघका सदस्य भक्त तामाङले २ लाख रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका छन्। उनी विवाह फोटो प्रतियोगिता पुरस्कार समिति संयोजक पनि हुन्। यसअघि, वष्ठि कलाकार एवं कार्टुनिष्ट दुर्गा बरालले कार्यक्रम उद्घाटन गर्दै राम्रो फोटो खिच्नु पनि एउटा रचनात्मक काम भएको बताए। फोटोग्राफी काममा सिर्जनशीलता आवश्यकता पर्ने र कला झल्किनु पर्ने भन्दै उनले आफू पनि तस्बिर खिच्ने कार्यका लागि सौखिन व्यक्ति भएको बताए। आयोजक संघका अध्यक्ष दुर्गाप्रसाद पौडेलले विवाह सम्बन्धी फोटो प्रतियोगिता बर्षै भरी निरन्तर चलिरहने कार्यक्रम भएको बताउँदै यसमा भाग लिन सबै फोटोग्राफरहरुसँग आग्रह गरे। प्रतियोगितामा भाग लिएर फोटोग्राफीको क्षेत्रमा अघि बढ्न मद्दत पुग्ने विश्वास पनि उनले सो अवसरमा दिलाए। उक्त कार्यक्रममा अक्षयकोष दाता भक्त तामाङलाई सम्मान गरीएको थियो, पोखरा फोटोग्राफर संघको नवनिर्वाचित पदाधिकारीलाई सम्मान गरिएको थियो। सो अवसरमा फोटोग्राफर संघ गण्डकी का उपाध्यक्ष नारायण के.सी.ले स्वागत संघका सल्लाहकार गणेश छवि, पोखरा फोटोग्राफर संघका अध्यक्ष रामचन्द्र पोखरेल,

कैलाश बचत तथा ऋण सहकारी संस्थाका बिनोद ढकाल फोटो पत्रकार एवं जुरि टिमका राम गुरुङ, फोटो संकलक सुनिल उलक, एभरेष्ट एफ एम का निर्देशक दिपेन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, नेपाल पत्रकार महासंघ कास्कीका कार्यवाहक अध्यक्ष रामप्रसाद तिमिल्सेना, फोटोग्राफी शिक्षा तथा तालिम संयोजक घनश्याम पौडेलले आ-आफ्नो भनाइ राखेका थिए। संस्थाका अध्यक्ष दुर्गा प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रम संचालन संस्थाका सचिव तुलसीराम सुवेदीले संचालन गरेका थिए।

# प्रधानमन्त्रीसँग...

गर्नुभएको थियो। भ्रमणकै क्रममा उहाँले उक्त कलेजमा तालिमरत सैनिक कमाण्ड तथा स्टाफ तालिमका शिक्षार्थी अधिकृतसँग अन्तर्क्रिया गर्नुभएको थियो। जनरल पाण्डेले बुधबार मुस्ताङमा अवस्थित मुक्तिनाथ मन्दिरको दर्शन गर्नु भई पोखरास्थित नेपाली सेनाको मध्य कमाण्ड हेर्डक्वाटरको भ्रमण गर्नुहुने कार्यक्रम छ। सोमबार जनरल पाण्डेले राष्ट्रपति विद्यादेवी भण्डारीबाट नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्राप्त गर्नुभएको थियो।

# 'भूपि पुरस्कार'का लागि कृति आह्वान

पोस, २१ भदौं, कवि भूपि शेरचनका नाममा धौलागिरि साहित्य प्रतिष्ठान, बागलुङद्वारा स्थापित 'भूपि पुरस्कार'का लागि कृति आह्वान गरिएको छ।

मंगलबार बसेको प्रबन्ध समितिको बैठकले आउँदो कात्तिक महिनाभित्र कृति पठाउन आह्वान गर्ने निर्णय गरेको हो। प्रतिष्ठानले स्रष्टा र साहित्यिक संस्थालाई आलापालो गरी बर्सेनि पुरस्कार प्रदान गर्दै आएको छ। यो वर्ष स्रष्टालाई पुरस्कृत गरिने प्रतिष्ठानका अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो। भूपि शेरचन र उहाँका रचनामाथि लेखिएका समालोचनात्मक कृतिले पुरस्कारको मूल्याङ्कन प्रक्रियामा प्राथमिकता पाउने उहाँको भनाइ छ।

# कक्षा १२ मा कास्की टपेका विद्यार्थीलाई विन्ध्यवासिनी क्याम्पसमा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौं**



हालै सार्वजनिक कक्षा १२ मा कास्की जिल्लामा उत्कृष्ट ग्रेड ल्याउन सफल विद्यार्थीले थप अध्ययनका लागि पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी क्याम्पसलाई रोजेका छन्।

कक्षा १२ तर्फ व्यवस्थापन संकायमा कास्की मै उत्कृष्ट जिपिए ३.७५ ल्याएका करुणानिधि मा.वि. का साहिल गुरुङ, भारती भवन मा.वि. पुरञ्चौरका सीता सापकोटा र शुशीला नेपालीले विन्ध्यवासिनी क्याम्पसको अवलोकन गरी विविएस अध्ययनका लागि भर्ना भएको क्याम्पसका लेखापाल भीमबहादुर गायकले जानकारी दिनु भयो। वि.सं. २०६६ सालदेखि व्यवस्थापन संकायमा स्नातक तहको कक्षा संचालन गरेको क्याम्पसले १२ वर्षको अवधिमा उत्कृष्ट नतिजा हासिल गरेको क्याम्पसका सूचना अधिकारी माधव अधिकारी जानकारी दिनुभयो।

क्याम्पसको उत्कृष्ट नतिजाका कारण पछिल्लो समय विद्यार्थीको आकर्षण बढ्नुका साथै क्याम्पसले विद्यार्थी केन्द्रीत शिक्षालाई थप गुणस्तरीय बनाएको छ। विद्यार्थीको आकर्षण सँगसँगै क्याम्पसले अतिरिक्त क्रियाकलाप तथा शैक्षिक अवलोकन भ्रमणलाई प्राथमिकता दिएको क्याम्पस प्रमुख विजय शर्माले बताउनु भयो। यसै बीच नवआगन्तुक कास्की जिल्ला कै उत्कृष्ट विद्यार्थीलाई क्याम्पसले मंगलबार एक कार्यक्रमका बीच स्वागत सहित सम्मान गरेको छ। उनीहरुलाई क्याम्पस प्रमुख विजय शर्मा, प्राध्यापक भोजबहादुर थापा, क्याम्पसका सूचना अधिकारी माधव अधिकारी, क्याम्पस संचालक समितिका सदस्य नवीन अधिकारी र लेखापाल भीमबहादुर गायकले मायाको चिनो सहित अबिर र खादा लगाएर सम्मान गर्नु भयो।

कार्यक्रममा बोल्दै उत्कृष्ट विद्यार्थी गुरुङले सरकारी स्तरमा विन्ध्यवासिनी क्याम्पसले छुट्टै इतिहास कायम राखेको बताउँदै आफूले यस अघि निजी स्कुल पढे पनि अहिले यसै क्याम्पसलाई रोजेको बताए।

क्याम्पस प्रमुख शर्माले विन्ध्यवासिनी क्याम्पसले गुणस्तरीय शिक्षाका लागि सबै पक्षसँग समन्वय गरेका कारण उत्कृष्ट बनेको बताए। क्याम्पसमा नयाँ भर्ना खुले सँगै विविएस अध्ययनका लागि विद्यार्थीको आकर्षण बढेको बताइएको छ।


भद्रकाली बहुमुखी क्याम्पसमा भर्ना खुल्यो !

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिवद्धतासहित शान्त, मनोरम र पूर्ण शैक्षिक वातावरणमा सञ्चालित यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरमा शैक्षिक सत्र २०७९/८० का लागि स्नातक तह प्रथम वर्षको बिहानी सत्रमा चार वर्षे बी.बी.एस. (BBS) र बी.ए. (BA) का कक्षाहरुमा भर्ना खुलेको व्यहोरा सम्पूर्ण अभिभावक तथा विद्यार्थीहरुमा सहर्ष जानकारी गराइन्छ। यथाशीघ्र भर्ना गरी आफ्नो सिट सुरक्षित गर्नुहुन सूचित गरिन्छ।



फाराम वितरण तथा भर्ना हुने समय: बिहान ६.00 बजेदेखि १0.00 बजेसम्म

भद्रकाली बहुमुखी क्याम्पस
पोखरा-१३, कुँडहर
०६१-५२२७९९, ५२३४७७
९८४६०५२९५४, ९८५६०३३२६८
bmcpokhara@gmail.com
www.bhadrakali.edu.np
https: //www.facebook.com/bhadrakali.edu.np



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# उपभोक्ता माथि खेलवाड

नेपाली जनताले तीजबाट चाडपर्व मनाउन थाल्छन् । नेपालीको ठूलो चाडहरु दशैं-तिहार र छठ आउन एक महिना पनि छैन । ठूला चाडपर्व सुरु हुनुभन्दा एकमहिना अघिको समयलाई बजारमा उपभोक्ता ठगिने सबभन्दा जोखिमयुक्त समय मानिन्छ । बर्ष दिनभरि हुने ब्यापार भन्दा चाडपर्वमा हुने ब्यापार कम हुँदैन । यो अवधिमा बजार अनुगमन, हस्तक्षेप र कारबाही गर्नु वाणिज्य मन्त्रालयको दायित्वमा पर्छ । तर, उपभोक्ता संरक्षण ऐन २०७५ को कार्यान्वयनकर्ता समेत रहेको यो मन्त्रालयले यहीबेला वाणिज्य विभागलाई नेतृत्वविहीन बनाएको छ । वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र बडूले महानिर्देशक लिलाप्रसाद शर्मालाई मन्त्रालयको प्रशासन शाखामा तानेर विभाग खाली राखेका छन् । उनले विभागका भित्री कर्मचारी संरचना पनि हेरफेर गरेका छन् ।

अनुगमन शाखा प्रमुखदेखि बजार अनुगमन अधिकृतहरुसम्म हटाइएका छन् ।यो मन्त्रीको जनतामाथिको बेइमानी हो । 'चाडपर्वको मुखैमा न जनशक्ति छ न त स्पष्ट निर्देशन 'बजार अनुगमनबारे कतै सूचना हुँदा पनि निरीह भएर बस्न परेको छ । उपभोक्ता संरक्षण ऐन २०७५ ले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको ऐनको सबै भन्दा उच्चतम् निकाय उपभोक्ता संरक्षण परिषद्को नेतृत्व गर्ने अधिकार दिएको छ । बजारमा मूल्य वृद्धि, आपूर्ति श्रृंखलाको व्यवस्थापन र उपभोक्ता हित संरक्षणका लागि सम्पूर्ण सरकारी बल लगाउन सकिने गरी ऐनले दिएको शक्तिशाली परिषद्मा अर्थ, गृह, स्वास्थ्य लगायत ८ मन्त्रालयका सचिव सदस्य रहन्छन् । निजी क्षेत्रका संघ-संगठनका प्रमुख र उपभोक्ता अधिकारकर्मी समेत रहने परिषद्को बैठक बडूले मन्त्रालय सम्हालेपछि जम्मा एक पटक बसेको छ । बैठकको लागि पटक-पटक गरिएको आग्रहलाई मन्त्रालयले बेवास्ता गरेको परिषद्का एक सदस्यले बताए । 'नियमित बैठक बसौं, बजार मूल्य र महँगी नियन्त्रणमा देखिने गरी काम गरौं भन्ने आग्रह हो, तर मन्त्रालयले वास्तै गरेन' ती सदस्य भन्छन्, 'मन्त्रीले कि ऐन र अधिकार बुझेनन् कि त उपभोक्ता हितमा काम गर्न सरकार वा पार्टीबाट अवरोध छ ।'

महँगीविरुद्ध चुप बसेको भन्दै सरकारको चर्को आलोचना भएपछि १६भदौमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले देशव्यापी बजार अनुगमन गर्ने भन्यो । तर, सबै संयन्त्र परिचालन गरिने भनिएको अनुगमन यत्तिकै सेलायो । अनुगमनमा सहभागी वाणिज्य मन्त्रालयका एक अधिकारीका अनुसार कृषि, गृह, लगायत संघीय मन्त्रालय र स्थानीय तहहरुले आयल निगमले भारतीय आयल त (आईओसी) बाट १६ भदौमा पाएको इन्धनको नयाँ मूल्य सूचीमा पेट्रोल र डिजेलको भाउ थोरै बढेको र ग्याँसमा प्रतिसिलिन्डर ११५ रुपैयाँ हाराहारी घटेको थियो । त्यसअघि लगातार तीन पटक मूल्य घटेर आउँदा पनि उपभोक्ता मूल्य नघटेका कारण यसपटक मूल्य समायोजन हुनेमा उपभोक्ता ढुक्क थिए । तर, वित्तीय संकट कायम रहेको भन्दै निगमले डिजेल र मटितेलको भाउ प्रतिलिटर ६ रुपैयाँ बढायो ।

टनिगम बोर्ड बैठकको मूल्य बढाउने सम्बन्धी निर्णयमा प्रति सिलिन्डर ग्याँसमा ११५ रुपैयाँ घटेको विषयलाई चलाखीपूर्वक लुकाइयो । व्यक्तिगत र विलासी प्रयोजनको पेट्रोल र हवाई इन्धनको मूल्य यथावत राखेर निगमले सर्वसाधारण उपभोक्ताको दैनिकी महँगिने डिजेल र मटितेलमा मूल्य बढायो भने प्रतिसिलिन्डरमै ११५ रुपैयाँ राहत दिन सकिने ग्याँसको मूल्य घटाइ बस्यो । महँगीको मारमा पिल्सिरहेका नेपाली उपभोक्तालाई दशैंको मुखैमा वाणिज्य मन्त्रालयले इन्धनमा सहुलियत दिन चाहे मन्त्री बडू निरास बनेको चर्चा मन्त्रालयमा छ । गठबन्धन सरकारका मन्त्री बडू चुनावी आएकाले पनि कानुनी अधिकार प्रयोग गर्नबाट हच्किएको मन्त्रालयका अधिकारीहरु बताउँछन् । त्यसो त बडूले मन्त्रालय सम्हालेदेखि नै व्यापारीको हितका लागि उपभोक्ताको मुद्दा ओझेलमा परेको आरोप लाग्न थालेको हो । उपभोक्ता हितका दृष्टिले बडूको कार्यकाललाई सबभन्दा खराब देखिन्छ ।

'मन्त्रीमा कुन व्यापारीको सामान छुटाउने, कुन व्यापारीलाई बोकेर हिंड्ने भन्ने मात्रै चिन्ता देखियो,'। उपभोक्ता 'हितका लागि सिन्कै नभाँची समय व्यतित गर्नु जनतालाई मारमन पार्नु हो । उपभोक्ता हित र बजार सुधारका लागि गृह मन्त्रालयले चासो दिनुपर्छ । गृहले सबै जिल्ला प्रशासनलाई पत्र पठाएर बजार अनुगमन गरेर प्रतिवेदन पठाउन भनेको छ,' बानियाँ भन्छन्, 'जिल्ला प्रशासनहरुले छलफल र अन्तरक्रिया थालेका छन् ।' उपभोक्ता परिषद्को बैठक बस्न, विभाग र मातहतका निकायलाई परिचालन गर्न मन्त्रीलाई बारम्बार गरेको आग्रह बेकाम भएको बताउँछन् । वाणिज्य मन्त्रालय भने उपभोक्ता हितका लागि काम गरिरहेको दावी गर्छ । उपभोक्ता अधिकारको क्षेत्रमा काम गर्नेहरुले बजारबारे चासो राख्नु जायज भएपनि मन्त्रालय र नेतृत्वले कामै नगरेको भन्नु गलत भएको छ ।

# पोखरामा भदौ २४ गतेबाट 'सुनकेशरी' मञ्चन हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

संस्कृतिविद् सत्यमोहन जोशीद्वारा लिखित नाटक 'सुनकेशरी' पोखरामा मञ्चन हुने भएको छ । मण्डला थिएटर नेपालद्धारा सञ्चालित थिएटर ल्याब दशौं व्याचका प्रशिक्षार्थीहरुको प्रस्तुतीमा तयार भएको नाटक पोखरामा यहीँ भदौ २४ गते शुक्रबारबाट असोज १ गतेसम्म मञ्चन गर्न लागिएको हो ।

पोखराको गैह्रापाटनमा रहेको पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन हुने नाटकले पोखरेली नाट्यप्रेमीको राम्रो साथ पाउनेमा नाटक युनिट विश्वस्त रहेको छ । नाटक हरेक दिन साँझ ५ बजे र शनिबार अतिरिक्त सो दिउँसो १ बजे मञ्चन हुनेछ । नाटकमा प्रीतिसा अधिकारी, कृष्ण चौधरी, परिक्षा लिम्बु, खगेन्द्र साउद, रिता सैंजु, सुवास गिरी, मिलन कार्की, सुजिता सिवाकोटी, बलबहादुर राई, सञ्जिबजंग क्षेत्री, आर्य सुमन खड्का, रोशन लोहोरुङ राई, सुनील राई, उज्वल राई, विवेक कट्वाल, नोर्देन ख्वुइवा लामा, रक्षा पाण्डे, अनुज्ञा रेग्मी, सविन गिरी, सलिना खत्री, किसम विर विक्रम थापा, अभिषेक राई, सुनील खड्का र रोसन अधिकारीको अभिनय हेर्न पाइनेछ । प्रत्यक्ष संगीतमा अंकित खड्का, सागर खाती, मिलन कार्की, सुदीप खतिवडा र विक्रम श्रेष्ठले साथ दिनेछन् । यो नाटकको परिकल्पना तथा निर्देशन राजन खतिवडाले गरेका हुन् । पोखरा थिएटरको आयोजनामा मण्डला थिएटर नेपालले पोखरामा नाटक मञ्चन गर्न लागेको हो । नाटक मञ्चनमा गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान र पोखरा महानगरपालिका वडा नं. ४ को सहकार्य रहेको छ । सुनकेशरी कर्णाली प्रदेशको प्रचलित लोक कथामा आधारित नाटक हो । एक युवतिले आफ्नो सुन्दरताको कारण भोग्नुपरेको तितामिठा संघर्ष तथा अनुभवहरुको कथालाई नाटकमा बुनिएको छ । यो कथा लेखक जोशीले २०२७ सालमा कर्णालीमा सम्पन्न भएको लोक संस्कृति सर्वेक्षणको क्रममा कथा वस्तुको संकलन गरेका हुन् । जनजिब्रोमा जीवन्त भइरहेको कथालाई जोशीले नाटकीय रुप दिएका हुन् । यो नाटक १० वर्ष अगाडि मण्डला थिएटरले राजन खतिवडाकै निर्देशनमा मञ्चन गरेको थियो । नेपालका अलावा भारत र बंगलादेशमा समेत यो नाटक मञ्चन भइसकेको छ। आफ्ना लागि सुनकेशरी विशेष नाटक भएको परिकल्पनाकार तथा निर्देशक राजन खतिवडा बताउँछन् । 'दर्जनौ नाटक अभ्यासबीच सुनकेशरी मेरा लागि दुई दशक लामो करियरकै एक विशेष नाटक हो' उनले भने । पोखरा थिएटरका अध्यक्ष परिवर्तनले लोक कथामा आधारित नाटकले पोखरेली नाट्यप्रेमी दर्शकको माया पाउने दावी गर्छन् । यो नाटक पोखरामा मञ्चन हुनु खुशीको कुरा भएको भन्दै उनले सबै नाट्यप्रेमीलाई नाटक हेरेर प्रतिक्रिया दिन आग्रह गरे । मण्डलाको इतिहाससँग जोडिएको नाटकले पोखरामा राम्रो साथ पाउने मण्डला नाटक समुह नेपालका अध्यक्ष सृजना सुब्बाको विश्वास छ । यो नाटकको पुर्नउत्पादन तथा नियमित मञ्चन गर्नुको पछाडि केही संयोग, केही नियति र केही नियमित आस्मिता रहेको उनको भनाई छ । यो नाटक आगामी कार्तिक १८ गतेदेखि मंसिर ४ गतेसम्म मण्डला नाटकघर काठमाण्डौमा समेत मञ्चन हुनेछ ।

# गाई संरक्षणलाई काफलडाँडामा गौशाला

**पोखरापत्र संवाददाता**
**वालिङ, २१ भदौ**

स्याङ्जाको वालिङ- ८ काफलडाँडामा गौशाला निर्माण गरिएको छ। वालिङनगरपालिकाले गाई संरक्षणका लागि वालिङ-१० स्थित स्वर्गाश्रममा निर्माण गरेको गौशालालाई स्थानान्तरण गरी काफलडाँडास्थित शिवालय धुनीको गुठीमा गौशाला बनाएर सञ्चालन गरेको हो ।

शिवालय धुनीको गुठीमा व्यवस्थित तरिकाको गौशाला निर्माण गरी गाई स्थानान्तरण गरिएको वालिङ नगरपालिका-८ का पूर्ववडा सदस्य अनन्तराज शर्माले बताउनुभयो ।

शर्माका अनुसार वालिङ नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रु पाँच लाख ५० हजार, वडा कार्यालयअन्तर्गत सोही शीर्षकबाट रु दुई लाख र नगरस्तरीय योजनाबाट रु पाँच लाख गरी कूल रु १२ लाख ५० हजार प्राप्त भएको र बाँकी रु दुई लाख सरसापटीबाट निर्माण गरिएको हो ।

गाई पछिल्लो समय जथाभावी छोडिँदिँदा बालीनाली खाइदिने, सडकमा हुलका हुल हुँदा दुर्घटना हुनसक्ने भएकाले त्यसको व्यवस्थापनका लागि गौशाला निर्माण गरिएको हो । "पहिला गौशाला निर्माण गरिएको ठाउँ आवतजावतका लागि अपायक, प्रशस्त चरन नहुनु, आवश्यक पर्ने दानापानी पुर्‍याउन समस्या भएको थियो", उहाँले भन्नुभयो, "काफलडाँडामा यातायातको सहजता, मानिसको आवतजावत धेरै हुने हुँदा गाईको रेखदेख र संरक्षण, प्रशस्त चरन क्षेत्र हुनुका साथै शिवालय धुनीको गुठीमा गौशाला निर्माणका लागि जग्गा प्राप्त भएकाले स्थानान्तरण गरेका हौं ।" गौशालामा हाल सानाठूला गरी ८७ गाई तथा बाच्छाबाच्छी रहेका छन् । गौशालामा आवश्यक भौतिक संरचना केही निर्माण भएका र बाँकी थप गर्दै लगिने धुनी शिवालय फूलबारी गुठी गौशाला आश्रमका अध्यक्ष ढालप्रसाद पौडेलले बताउनुभयो । वालिङ नगरपालिकाको सहयोगमा निर्माण गरिएको गौशालाको रेखदेख तथा संरक्षण कार्य समितिमार्फत गरिएको छ । "गाईका लागि आवश्यकपर्ने प्रशस्त दानापानी तथा घाँस काटेर खुवाउन सकिने अवस्था छैन", उहाँले भन्नुभयो, "गाई हेरालुकारुपमा दुई जनालाई पारिश्रमिक दिएर राखिएको र उहाँहरुले गाई दैनिक फुकाएर चराउने गर्दै आउनुभएको छ ।"

यस ठाउँमा सुरुआती चरण भएकाले पनि सबै व्यवस्थापन नभइसकेकाले क्रमशः पराल, खर, दानापानी तथा भण्डारणको व्यवस्थातिर जोड दिँदै जाने उहाँले बताउनुभयो । गौशालामा गाईको मलमूत्र छुट्टाछुट्टै सङ्कलन गरी बिक्री गरी आम्दानीमा राख्ने निर्णय समितिले गरेको छ ।

वालिङ बजार तथा आसपासका क्षेत्रमा छाडा छोडिएका पशु चौपायाका कारण स्थानीयको बालीनालीमा नोक्सानी भएको गुनासो अत्यधिक आउन थालेकाले गाई संरक्षणका लागि दीर्घकालीन योजनाका रुपमा गौशाला निर्माण गरिएको हो ।

# एमाले तनहुँद्वारा उम्मेदवार सिफारिस

**पोखरापत्र संवाददाता**
**दमौली, २१ भदौ**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नेकपा (एमाले) तनहुँले उम्मेदवार सिफारिस गरेको छ । दुई प्रतिनिधि र चार प्रदेशसभा क्षेत्रका लागि एमाले तनहुँले सोमबार उम्मेदवार सिफारिस गरेको हो ।

एमाले जिल्ला कमिटीको बैठकले दुई प्रतिनिधिसभा, चार प्रदेशसभाका लागि प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवार सिफारिस गरेको जिल्ला अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि एमालेको केन्द्रीय सल्लाहकार एकबहादुर राना सर्वसम्मत सिफारिस हुनुभएको छ । क्षेत्र नं १ प्रदेश (क) का लागि कुलबहादुर थापा, तुलसीराम पाण्डे, निलमसञ्जिवा श्रेष्ठ, रामबहादुर गुरुङ, प्रदीपराज अधिकारी, मायानाथ कोइराला, प्रेमकुमार राना र कलाकुमारी ढकाल सिफारिस हुनुभएको छ ।

प्रदेश (ख) का लागि इन्द्रबहादुर कुँवर, अम्मर भण्डारी, विन्दु बस्नेत, काशीराम भट्टराई, बाबुराम अधिकारी, अनिल पाण्डे र रत्नकुमार श्रेष्ठ सिफारिस हुनुभएको छ। तनहुँ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यका लागि एमाले स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री किरण गुरुङ, वर्तमान प्रतिनिधिसभा सदस्य केदार सिग्देल र विष्णु पराजुली अधिकारी सिफारिस हुनुभएको छ।

क्षेत्र नं २ प्रदेश (क) का लागि कमल ढकाल, रामचन्द्र उपाध्याय, दुर्गाप्रसाद पराजुली, हर्कबहादुर गुरुङ, श्यामराजा महत, शिवबहादुर महत, शेषमणि आचार्य, अर्जुनप्रसाद नागिला र राधादेवी महत क्षेत्री सिफारिस हुनुभएको छ। प्रदेश (ख) का लागि विष्णुभक्त सिग्देल, राजेश्वर ढकाल, मेखबहादुर थापा, दिलबहादुर थापा, नारायण खनाल, रनबहादुर राना, इन्द्र थापा र डिना गोतामे सिफारिस हुनुभएको छ ।

समानुपातिकतर्फ प्रतिनिधिसभाका लागि शेषमणि आचार्य, शान्तिदेवी खनाल, वेदकुमारी वाग्ले, विष्णुकुमार सिग्देल, एकबहादुर राना, विश्वबन्धु भण्डारी र राधाकुमारी महत सिफारिस हुनुभएको छ । प्रदेशसभाका लागि समानुपातिकमा शिव अधिकारी, सविता रसाइली, धर्म खनाल, हरिबहादुर थापा, बाबुराम सुनार, आनन्दमान जोशी, सेतीमाया गौतम, श्यामकुमार श्रेष्ठ, सीता घिमिरे, देवबहादुर गुरुङ, कृष्णराज ढकाल, ममिन मियाँ, रणबहादुर गुरुङ, नुर महमद मियाँ, रामकुमार श्रेष्ठ, इन्द्रमान परियार, गञ्जसिंह गुरुङ, सीताराम सुर्खाली, विष्णुमाया ढकाल, प्रभा श्रेष्ठ र घनश्याम देवान सिफारिस हुनुभएको नेकपा एमालेले जनाएको छ ।

# प्राज्ञिक अनुसन्धान र नवप्रवर्तन सम्बन्धी कार्यशाला

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

शैक्षिक अनुसन्धान र नवीनतालाई सुव्यवस्थित गर्न पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रले तीन दिने कार्यशाला सुरु गरेको छ ।

प्राज्ञिक अनुसन्धान र नवप्रवर्तन सम्बन्धी कार्यशाला सम्बन्धी विश्वविद्यालयका आङ्गिक, संयुक्त आङ्गिक र सम्बन्धन प्राप्त ६६ वटा महाविद्यालयका रिसर्च म्यानेजमेन्ट सेल (आरएमसी) मा आवद्ध प्राध्यापकका लागि लक्षित रहेको जानकारी विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले दिनुभयो । कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले विश्वविद्यालय अनुसन्धान गर्ने थलो भएकाले गुणस्तरीय शिक्षाका लागि पठनपाठन र अनुसन्धान सँगसँगै लैजानुपर्नेमा जोड दिनुभयो ।

अनुसन्धानलाई व्यवस्थित गर्न विश्वविद्यालयले आफ्ना महाविद्यालयमा अनुसन्धानात्मक सेल गठन गर्नुका साथै युएनडिपीलगायतका संस्थासँग साझेदारी गर्दै शिक्षक तथा विद्यार्थीलाई अनुसन्धान गतिविधिममा लाग्न उत्प्रेरित गर्दै आएको छ । सोमबारदेखि सुरु भएको उक्त कार्यक्रममा पोलिसी रिसर्च इन्स्टिच्युट नेपालका कार्यकारी अध्यक्ष डा विष्णुराज उप्रेतीले दिगो विकासका लक्ष्य हासिल गर्न र देशलाई समृद्धितर्फ डोर्‍याउन राज्यले अनुसन्धानलाई प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो । युएनडिपी नेपालका आवासीय प्रतिनिधि आयशानी मेडागांगोडालेबेले दिगो विकासका लक्ष्य हासिल गर्न युएनडिपीले शिक्षालगायत नेपालका विभिन्न क्षेत्रमा लगानी अभिवृद्धि गर्दै आएको बताउनुभयो । पोखरा विश्वविद्यालयसँग शिक्षा, स्वास्थ्य पर्यटन, मौसम परिवर्तनका साथै सिमान्तकृत वर्गको उत्थानका लागि अझै हातेमालो गर्दै अगाडि बढ्न युएनडिपी इच्छुक रहेको उहाँले बताउनुभयो । सो कार्यशालामा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरी छलफल गरिने बताइएको छ ।

# सिबिसाको जीवन रक्षाका लागि 'प्रतिभा परिवार'को प्रार्थना

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ भदौ**

पोखराको प्रतिभा माविमा अध्ययनरत ८ कक्षाकी छात्रा सिबिसा खड्का यतिबेला ब्लड क्यान्सरसँग लडिरहेकी छिन् । उनी विगत ५ महिना यता ललितपुरको ब्लड हस्पिटलको बेडमा छिन् ।

१३ वर्षीया सिबिसालाई विद्यालय परिवारले अत्यन्त 'मिस' गरिरहेको छ । विद्यालय परिवार सिबिसा शीघ्र स्वास्थ्य लाभ गरी पोखरा फर्किएको हेर्न आतुर छ । तर, सिबिसालाई उपचारका लागि आर्थिक अभाव छ । प्रतिभा परिवारले सिबिसाको जीवन रक्षाका लागि मंगलबार केही आर्थिक सहयोग हस्तान्तरण गऱ्यो । कक्षा १ देखि १२ सम्मका विद्यार्थीले स्वेच्छाले एक दिनको खाजा खर्च कटाएर सिबिसाको स्वास्थ्यलाभको कामना गर्दै रकम संकलन गरेको छ । विद्यालयका सबै शिक्षक कर्मचारीले विद्यार्थीको यो अभियानमा सहयोग मात्र गरेनन्, विद्यालयले संस्थागत रुपमा पनि सहयोग थपेको छ । कक्षा १ देखि १० सम्मका विद्यार्थीले ८५ हजार संकलन गर्दा शिक्षक, कर्मचारीले झण्डै २९ हजार थपिदिए । यस्तै, कक्षा ११ र १२ का विद्यार्थीले ९५ हजार सहयोग उठाउँदा शिक्षक कर्मचारीले ४८ हजार जति थपथाप गरे । विद्यालयले ५१ हजार ५ रुपैयाँ र विद्यालय सञ्चालक समिति अध्यक्ष नारायण पौडेलले व्यक्तिगत ५० हजार थपेर मंगलबार कूल ३ लाख ५३ हजार ९ सय २५ रुपैयाँ सिबिसाका परिवारलाई हस्तान्तरण गरे ।

विद्यालयका विद्यार्थीहरुले अध्यक्ष पौडेल, प्रबन्ध निर्देशक बलबहादुर थापा, निर्देशक किरण सापकोटा, प्रिन्सिपल विश्वगोपाल पराजुलीलगायतको उपस्थितमा सिबिसाकी आमा शिखा श्रेष्ठलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।

पहिलो सिबिसाको उपचारखर्च परिवारले नै धान्न सक्ने अवस्थामा सहयोग नमागिएपनि अब उनको जीवन रक्षाका लागि सहयोगी मनहरुको साथको खाँचो रहेको परिवारले जनाएका छन् । पढाईमा अब्बल सिबिसा कक्षा ८ को परीक्षामा डिस्ट्रिक्ट टप गर्ने गरी तयारी गरिरहेकै बेला गत फागुनमा बिरामी भएर थलिएकी हुन् । 'पढाईमा अत्यन्त तेज विद्यार्थी हुन् सिबिसा । चैतमा परीक्षा थियो । फागुनको तेस्रो हप्तातिर बिरामी परिन् । रगत जाँच गर्दा क्यान्सर भइसकेको थाहा भयो ।' आमा शिखाले भनिन्- 'त्यसपछि काठमाण्डौ लगेर निरन्तर उपचार गराइरहेका छौं । अब सहयोगी मनहरुको साथले नै नानीको जीवन रक्षा हुने विश्वास छ ।' सिबिसाले हस्पिटलको बेडबाटै परीक्षामा सहभागी भएर पनि उत्कृष्ट अंक ल्याएको प्रिन्सिपल पराजुलीले बताए । लगनशील, अनुशासित र पढाईमा अब्बल विद्यार्थी आज रोगसँग लडिरहँदा थोरै भएपनि सहयोग होस् भन्ने हेतुले यो सहयोग गरिएको निर्देशक सापकोटा बताउँछन् । सकेसम्म वाहिर सहयोग नलिने परिवारको चाहना रहेपनि विश्वमै महंगो रोगको उपचारको लागि अब सहयोगको आवश्यकता रहेकाले जीवन रक्षाका लागि अपिल गर्नुपरेको विद्यालयले जनाएको छ ।


## तपाईको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः बिक्रीमा छ ।
सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८

## माइग्रेशन सर्टिफिकेट हराएको सूचना

हेमजबाट महेन्द्रपुल तर्फ आउँदै गर्दा मेरो तपसिल बमोजिमको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : कर्म छोजोम (Karma Choezon)
ठेगाना : हेमज, पोखरा
सिम्बोल नं.: २२७०४१५३
सम्पर्क नं. : ९८१६१६९३६०

# सुन्दर पोखराको अर्को आकर्षण : ल्वाङ गाउँको चियाबारी

–जमुना वर्षा शर्मा

पोखरा, २१ भदौं (रासस)

कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ स्थित ल्वाङ गाउँ पर्यटकीय दृष्टिकोणले आफैँ पनि प्रसिद्ध छ। सांस्कृतिक पहिचान झल्कने गुरुङ समुदायको मिलेको बस्ती तथा सुन्दर अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खला यस गाउँका आकर्षण हुन् । तर पछिल्लो समय भने पर्यटकलाई आर्कषण गर्ने यस गाउँको अर्को विशेषता पनि थपिएको छ। त्यो हो सुन्दर हरियाली चियाबारी।

पूर्वी पहाडको चियाबगानको झझल्को मेटाउने यही चियाबारीका कारण पछिल्लो समय यहाँ आन्तरिक तथा बाह्य पर्यटक आउन थालेका छन् । पोखरादेखि २० किलोमिटरको दूरीमा र समुद्र सतहदेखि एक हजार चार सय मिटरको उचाइमा रहेको ल्वाङ पुग्न यातायातको सहजताले पनि अहिले घुम्न जाने पर्यटकलाई सहज बनेको छ।

उक्त गाउँमा २०४६ सालमा अन्नपूर्ण संरक्षण क्षेत्र एक्यापले वातावरण, पूर्वाधार विकास गर्ने कार्यक्रमअन्तर्गत स्थानीयको जीवनस्तर उकास्ने कार्यक्रम लगेसँगै स्थानीयको सक्रियता पनि बढ्न थालेको पाइन्छ । स्थानीय हितकाजी गुरुङका अनुसार २०५३ सालतिर स्थानीयको एक टोलीलाई एक्यापले नेपालको पूर्वहुँदै दार्जिलिङसम्म अध्ययन अवलोकनका लगेको थियो । पूर्वमा चियाबारीको आकर्षण देखेर फर्किएपछि ल्वाङको माटोमा पनि चियाखेती हुन सक्छ भनेर एक्यापले नै माटो र मौसमको परीक्षण गरायो । परीक्षणले उपयुक्त देखाएपछि एक्यापले उक्त गाउँमा २०५३/२०५४ सालतिर चियाको बिरुवा रोपेको हो। चियाका बिरुवा राम्रोगरी हुर्कँदै गएपछि स्थानीयबीच छलफल गराएर व्यावसायिक चियाखेती गर्न एक्यापले उनीहरुलाईनै प्रेरित गऱ्यो । निःशुल्क बेर्ना उपलब्ध गरायो । स्थानीय उत्साहित भएर चियाको बिरुवा रोप्न थाले । मलिलो माटोमा राम्रो उत्पादन हुन थालेपछि यसलाई सहकारीमार्फत सञ्चालन गर्न थालियो। चियाको उत्पादन सुरु हुन थालेपछि २०६० सालमा अन्नपूर्ण चिया उत्पादक सहकारी संस्थामार्फत् सहकारीले चिया उत्पादन गर्न थाल्यो तर पछिल्लो समय सहकारी व्यवस्थापन एवं बजारीकरणमा समस्या हुन थालेपछि स्थानीय हितकाजी गुरुङले ३० वर्षका लागि भाडामा लिएर एकल स्वामित्वबाट 'ल्वाङ टि स्टेट प्राली' सञ्चालन गर्दै आउनुभएको छ । "सहकारीबाट अलि समस्या देखियो अनि अहिले एकल स्वामित्वबाट सञ्चालन गरेका छौँ", गुरुङले भन्नुभयो । "अहिले उत्पादन राम्रो छ, स्वदेशभन्दा विदेशमा बढी जान्छ । बीचमा कोरोना महामारीले भने निकै नोक्सान पुऱ्यायो । अहिले राम्रो हुँदै गएको छ ।" उहाँका अनुसार करिब एक हजार दुई सय रोपनीमा चियाबारी फैलिएको छ । त्यहाँ जाने आन्तरिक तथा बाह्य पर्यटक अहिले चियाबारी अवलोकन गर्छन् । यहाँ वार्षिक उत्पादन एक हजार दुई सयदेखि १५ हजार केजीसम्म हुने गरेको छ । अहिले सो गाउँको चिया युरोपमा निर्यात हुन्छ भने यसको केही मात्रा स्थानीय बजारमा पनि पुग्ने गरेको छ। चियालाई तीन ग्रेडबाट छुटयाइएको प्रालीका व्यवस्थापक छत्रबहादुर बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार एसएफटी, टिजिएफ ओपी, पिडी गरेर तीन ग्रेडमा वर्गीकरण गरिन्छ । प्रतिकिलो चियाको पहिलो दुई हजार पाँच सय, दोस्रो एक हजार पाँच सय र तेस्रो पाँच/सात सय रुपैयाँमा बिक्रीवितरण हुन्छ।

उत्पादित चियालाई स्थानीय बजारमा भन्दा विदेशमा नै पठाउन सहज हुने भएकाले अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरिएको छ । नेपाली बजारमा लगानी बढी गर्नुपर्ने, 'प्याकेजिङ कस्ट' पनि बढी पर्ने भएकाले प्रशोधन गरेर पहिलो चरणमै कार्टुनबाट विदेश निर्यात गर्न गरिएको बस्नेतले बताउनुभयो। ल्वाङ घुम्न आउने अधिकांशले चियाबारी घुम्ने उद्योगमा आएर चिया किनेर कोसेलीका रुपमा लाने गर्दछन् । घुम्न आउने प्रायःआफन्तलाई ग्रिन टी, ब्ल्याक टी कोसेली बोकेर जाने गर्छन् । चिया उद्योगमा दैनिक ज्यालादारीमा स्थानीयले २५ देखि ३० जनाले रोजगारीमेत पाएका छन् । उत्पादित चिया वार्षिक चार/पाँच हजार केजी विदेश निर्यात हुन्छ। उत्पादन राम्रो हुने भनिए पनि प्राविधिक ज्ञान र आधुनिक प्रविधिको अभावले सोचेजस्तो प्रतिफल पाउन अझै नसकेको उहाँको गुनासो छ।

चियाखेतीले अहिले ल्वाङलाई आत्मनिर्भर हुने एउटा राम्रो माध्यम पनि बनाइदिएको छ। चियाबारीले जति धेरै पर्यटक लोभ्याउँदै जान्छ त्यति नै आयआर्जनको माध्यम पनि बन्दै गएको छ । गाउँमा पर्यटक भित्रिन थालेसँगै घरघरमा होमस्टे बनाएर पर्यटक भित्र्याउन स्थानीय सफल भएका छन्।

अहिले उक्त गाउँमा ल्वाङ सामुदायिक होमस्टे पनि सञ्चालनमा छ । गुरुङ परम्पराअनुसार पाहुनालाई फुलमाला लगाएर स्वागत गरेसँगै सुन्दर गाउँमा पर्यटक रमाउने गरेको होमस्टेका सचिव तीर्थ गुरुङले बताउनुभयो। उहाँका अनुसार २१ वटा घरमा होमस्टे सञ्चालनमा छन् र यहाँ दुई सय ५० देखि तीन सय जना पाहुनालाई आतिथ्य प्रदान गर्न सकिन्छ। होमस्टेको २०२१ सालको तथ्याङ्कमा ११ हजार दुई सय १६ आन्तरिक र बाह्य १८ जना पर्यटकले भ्रमण गरेका उल्लेख छ । कोरोनाका कारण सुस्ताए पनि अब विस्तारै पर्यटक भित्रिँदै जाने विश्वास गुरुङको छ।

ल्वाङमा करिब ६० घर गुरुङ समुदायका छन् । मिलेको बस्ती, सुन्दर चियाबारीका कारण उक्त ठाउँमा फिल्म एवं म्युजिक भिडियो सुटिङ गर्न तथा कवि एवं साहित्यकारले आफ्ना सिर्जना प्रस्तुत गर्न पनि यहाँ पुग्ने गरेका छन् । यहाँका स्थानीय पछिल्लो समयमा उक्त स्थानको पर्यटन प्रवर्द्धन हुँदै गएकामा खुसी भएका छन्।

# बस्तुगत संघहरुलाई भेट्दै प्रजापति समूह

पोखरापत्र संवाददाता

पोखरा, २१ भदौं



पवनकुमार प्रजापति समूहले विभिन्न व्यवसायिक संगठनहरुसँग भेटघाट शुरु गरेको छ । बस्तुगत व्यवसायीहरुको संगठनमा आबद्ध व्यवसायीहरुलाई एकमुस्ट रुपमा भेटेर समूहले आफ्नो पक्षमा मत मागिरहेको छ । सोमबार भाँडा व्यवसायी संघ पोखरामा आबद्ध व्यवसायीहरुलाई संस्थागत रुपमा भेटेर पवनकुमार प्रजापति समूहले आफ्नो पक्षमा मत माग्यो। भेटको क्रममा संघमा आबद्ध उद्योगी व्यवसायीहरुलाई संस्थागत रुपमै सहयोग गर्ने वचन समेत दिएको थियो।

भाँडा व्यवसायी संघ पोखराका अध्यक्ष कविन्द्रमान पालिखेले संस्थागत रुपमै अध्यक्षमा पवनकुमार प्रजापति र उनको समूहलाई संघले सघाउने प्रस्ट पारे । लामो समयदेखि अनुभव बटुल्दै क्रमैसँग नेतृत्वको दाबी गर्न आउनुभएका प्रजापतिलाई नै हाम्रो संघले समर्थन गर्ने कुरा म जानकारी गराउन चाहन्छु। एक कार्यक्रमका बीच पालिखेले भने सहि नेतृत्व र सबल नेतृत्वलाई हामीले समर्थन नगर्ने कुरै भएन। उनले अन्य वस्तुगत संघसंस्थालाई पनि पवनकुमार प्रजापति र उनको समूहलाई सहयोग गरि जिताउन उनले आग्रह गरे । कार्यक्रमका बीच भाँडा उद्योगी समेत रहेका भाँडा व्यवसायी संघका संस्थापक अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका पुर्व वरिष्ठ उपाध्यक्ष रविन्सन प्रजुले पवनकुमार प्रजापति निर्विरोध अध्यक्ष हुनुपर्ने व्यक्ति भएको दाबी गरे।

हामीले थुप्रै कोशिष गर्दा पनि केही व्यक्तिहरुको अस्वभाविक महत्वकांक्षा र बालहठका कारण पवनकुमार प्रजापतिलाई निर्विरोध अध्यक्ष बनाउन सकेनौं । तैपनि हामी मतदान प्रकृयामा गएर बालहठलाई हराउन जरुरी छ । स्वभाविक रुपमा अध्यक्ष प्रजापति नै भएको बताउँदै उनकै पक्षमा व्यवसायीहरु एकजुट हुन उनले आह्वान गरे।

कार्यक्रमका बीच पवनकुमार प्रजापति र उनको समूहले आफ्ना कार्ययोजना सुनाउँदै उद्योगी व्यवसायीहरुलाई मत मागेका थिए। यसैगरि मंगलबार पवनकुमार प्रजापति र उनको समूह सिद्धार्थचोक, बगालेटोल, आलुमाईला चोक, ह्वाईट हाउस पार्टी प्यालेस हुँदै सृजनाचोकसम्म घरदैलो गरि मत मागेका थिए।

पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशन भदौ २४ र २५ गते हुँदैछ। महाधिवेशनमा पवनकुमार प्रजापति प्यानलबाट वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन्। त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन्।

# पोखराबाट 'जोमसोम' र 'गोल्डेन आइस' बियरको बिक्री शुभारम्भ

पोखरापत्र संवाददाता

पोखरा, २१ भदौं

पोखराबाट जोमसो र गोल्डेन आइस बियरको बिक्री शुभारम्भ गरिएको छ। ओम ब्रुअरी प्रालिले उत्पादन गरेका यी दुई बियर सोमबार साँझ पोखराका उद्योगी व्यवसायीहरुको ठूलो उपस्थितिकाबीच लञ्चिङ गरिएको हो।

नेपाल मदिरा उत्पादक संघका केन्द्रीय अध्यक्ष बैजुप्रसाद बाबरा तथा ओम प्रकाशको रु दुई अर्ब लगानीमा रौतहट जिल्लाको डुमरियामा यस मदिरा उद्योग स्थापना गरिएको छ । यी दुई वियरको नेपालका लागि आधिकारिक बिक्रेता पोखरा-५ मा रहेको तारा समुन सप्लायर्स रहेको छ । यसको प्रोपाइटरमा मदिरा व्यवसायी महासंघका केन्द्रीय महासचिव समेत रहनुभएका सफल व्यवसायी ताराप्रसाद ढुँगाना हुनुहुन्छ । लञ्चिङ समारोहमा गण्डकी प्रदेश उद्योग बाणिज्य संघका अध्यक्ष सञ्जीवबहादुर कोइरालाले बजारमा आएका जोमसोस र आइस बियरले राम्रो बजार बजार बनाउन सफल हुने विश्वास व्यक्त गर्नुभयो । ओम ब्रुअरीका बैजुप्रसाद बाबराले नेपालकै उत्कृष्ट बियरका रुपमा मदिरा पारखीहरुकाबीच स्थापित हुने दावी गर्नुभयो । यो वियर जर्मन प्रविधिबाट उत्पादन भएको र जर्मन हप्स, बार्लि माल्ट, ब्रोकन राइसन लगायतको मिश्रण रहेको कम्पनीले जनएको छ । ओम ब्रअरीको मासिक एक लाख केस उत्पादन क्षमता रहेको र पूर्ण स्वचालित अटोमेटिक प्लान्ट रहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत अजयप्रसाद जैसवालले बताउनुभयो। यस उद्योगमा हाल ३०० जनाले प्रत्यक्ष रोजगारी पाएको बताइन्छ ।

विसं २०५४ मा बाबा डिष्टिलरीबाट मदिरा उत्पादन शुरु गरिएको ज्योति डिष्टिलरी तथा श्री बाबा बैजुनाथ सुगर एण्ड केमिकल इन्डष्टिज हुदै ओम ब्रुअरीसम्म आइपुग्दा नेपालभर आफनो डिलर मार्फत मदिरा बिक्री वितरण भइरहेकाले बजारको कुनै समस्या नरहेको सिइयो जैसवालले बताउनुभयो।

# साफ च्याम्पियनसिपमा नेपालको सुखद् सुरुआत

रासस

काठमाडौं, २१ भदौं

नेपालकी सावित्रा भण्डारी (साम्बा) र अनिता बस्नेतको गोलमा छैटौं संस्करणको साफ च्याम्पियनसिपमा नेपालले भुटानलाई पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा मंगलबार भएको उद्घाटन खेलमा नेपालले भुटानलाई ४-० गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । नेपालले खेलको पहिलो हाफमा एक गोल गर्दा दोस्रो हाफमा थप तीन गोल थप्यो। नेपालकी चर्चित फरवार्ड खेलाडी सावित्राले खेलको पहिलो हाफको १२ औं मिनेटमा एक गोल गर्दै नेपाललाई पहिलो अग्रता दिलाइन् । भुटानकी गोलरक्षक सङ्गीता मोनगेर गोलपोष्टबाट अघि बढ्दै बल क्यिर गर्न खोज्ने क्रममा नेपालकी अमिशा कार्कीले दिएको पासलाई सदुपयोग गर्दै सावित्राले गोल गरिन्। यसै खेलबाट राष्ट्रिय सिनियर टिममा अमिशाले डेब्यु गरेकी हुन्। यसैगरी खेलको ६८ औं मिनेटमा सावित्राले व्यक्तिगत दोस्रो गोल गरिन्।

खेलको दोस्रो हाफको सुरुआती समयमा नै मैदान प्रवेश गरेकी रेखाकुमारी पौडेलको पासलाई सदुपयोग गर्दै सावित्राले वान भर्सेस वान टचमा गोल गरेकी हुन्। खेलको ७३ औं मिनेटमा नेपालकी मिडफिल्डर अनिताले भुटानका दुई मिडफिल्डरलाई बिट गर्दै उत्कृष्ट गोल गरिन्। खेलको ८५औं मिनेटमा अनिताले व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई ४-० को सहज जित दिलाइन् । नेपालकी अनिता केसीको क्रस बललाई भुटानी गोलरक्षकले पञ्च गरेर बाहिर फालेको बललाई सदुपयोग गर्दै अनिताले गोल गरेकी हुन्।

खेलपछि नेपाली टोलीका मुख्य प्रशिक्षक कुमार थापाले खेलको पहिलो हाफमा वर्षाका कारण खेलाडीले सोचेअनुरुपको खेल प्रदर्शन गर्न नसकेकेको बताउनुभयो । उहाँले खेलको दोस्रो हाफमा भने खेलाडीले राम्रो खेलको बताउँदै भुटान राम्रो टोली भएको टिप्पणीसमेत गर्नुभयो। त्यसैगरी भुटानकी सहायक प्रशिक्षक टङ्कमाया घलेले नेपाल फिजिकली रुपमा स्ट्रोङ भएको कारणले पनि आफ्नो टोली पराजित हुन पुगेको बताउनुभयो । उहाँले अर्को खेलमा भने राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गर्नुभयो। नेपालले अब यही भदौ २७ गते समूह चरणको दोस्रो खेल श्रीलङ्कासँग खेल्नेछ।

साफ च्याम्पियनसिपअन्तर्गत भोलि दुई खेल हुनेछ। पहिलो खेल दिउँसो १ बजे डिफेन्डिङ च्याम्पियन भारत र पाकिस्तानबीच हुनेछ। दोस्रो खेल बङ्गलादेश र माल्दिभ्सबीच हुनेछ। उक्त खेल ५:३० बजे हुनेछ।

# धौलागिरि अस्पतालमा दुरविनमार्फत सफल शल्यक्रिया

पोखरापत्र संवाददाता

बागलुङ, २१ भदौं

बागलुङको धौलागिरि अस्पतालमा पहिलो पटक दुरविन यन्त्रमार्फत 'एपेन्डिक्स'को सफल शल्यक्रिया भएको छ । म्याग्दीको बेनी नगरपालिका-७ की २१ वर्षीया प्रतिसा बोलनको पहिलो पटक दुरविन यन्त्रमार्फत शल्यक्रिया भएको हो।

बोलनको डाक्टर साजन कुँवर, डाक्टर सुवास खरेल, एनेस्थेसियोलोजिष्ट डाक्टर गणेश वन, नर्सिङ कर्मचारी गीता पुन र करिस्मा केसी लगायतको टिमले सफल शल्यक्रिया गरेको धौलागिरि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट शैलेन्द्र विक पोखरेलले जानकारी दिनुभयो। अस्पतालमा यसभन्दा अगाडिसम्म 'ओपन सर्जरी'हुँदै आएकामा अबदेखि दुरविन यन्त्रमार्फत शल्यक्रिया हुने डाक्टर पोखरेलले बताउनुभयो।

गण्डकी प्रदेशभित्रका अस्पतालमध्ये सबैभन्दा पहिले धौलागिरि अस्पतालमा यो यन्त्रमार्फत शल्यक्रिया सुरु भएको डाक्टर विकले बताउनुभयो।

यो यन्त्रमार्फत हर्निया, एपेन्डिक्स र पित्तथैलीको पत्थरी शल्यक्रिया गर्न सकिने डाक्टर कुँवरले जानकारी दिनुभयो । "दुरविन यन्त्रमार्फत शल्यक्रिया गर्दा अस्पतालमा बसाइ छोटिन्छ, बिरामी घर छिटो फर्किन सक्छन्, त्यसले गर्दा अस्पतालमा बिरामीको चाप पनि बढ्दैन, ओपन सर्जरी जस्तो, ठूलो घाउबनाउनु पर्दैन, यो आधुनिक प्रविधियुक्त विधि हो", डाक्टर कुँवरले भन्नुभयो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट पोखरेलले अब हर्निया, एपेन्डिक्स र पित्त थैलीको पत्थरी शल्यक्रिया गर्नु पर्ने बिरामी पोखरा, काठमाडौं जान नपर्ने बताउनुभयो।

उहाँले अहिलेसम्म अस्पतालमा शल्यक्रिया 'ओपन सर्जरी'मार्फत गरिँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "औजार उपकरण र दक्षजनशक्ति भएपछि आधुनिक प्रविधिको प्रयोग गरेर उपचारलाई थप सहज बनाएका छौँ, यहाँ आवश्यकपर्ने औजार उपकरण सरकारसँग माग गर्‍यौं र प्राप्त गर्‍यौं, अब उपचार थपप्रभावकारी हुने अपेक्षा लिएका छौँ।"


प्रदेश सरकार

शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

प्रदेश संग्रहालय

गण्डकी प्रदेश पोखरा, नेपाल

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२२

यस कार्यालयको आ.व. २०७९/०८० मा तपशिल वमोजिमको निर्माण कार्यको लागि सिलवन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने भएकाले सो सम्वन्धी निर्माण कार्यको प्रथम पटक प्रकाशित भएको मितिले २०७९/०६/०६ दिनको १२ वजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online Bidding गर्न सम्बधित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नोट :संग्रहालय प्रत्येक मंगलबार बन्द र शनिबार खुल्ला रहनेछ।

तपशिल

| SN | Contract No. | Descripition Of Work | Bid Security | Cost Of Bidding Document | Estimated Amount(without VAT And Cont) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | PM/KASKI/W/SQ/02/79/80 | CONSTRUCTION OF COMPOUND WALL | 45000/ | 1000/ | 1701419.35/ | SQ |